जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - २१२ ❑ २०८३ साउन ३० गते शनिबार ❑ Saturday, 15 Aug. 2026 ❑ मूल्य ७ /-




शिक्षा सुधारमा अबको एजेन्डा

✍ रामप्रसाद बराल

३


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा

**फाल्गुनन्द चौक**

फोनः ०२३-५७५४०९



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :

**देवीप्रसाद सिटौला**

(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:

राजकुमार श्रेष्ठ

९८०६०१०४१०


# अधिक गर्मीले जनजीविन प्रभावित

## मकै–भक्का भन्दा चिसो पेय पदार्थको माग बढी

✍ खगेन्द्र कार्की

**दमकमा गर्मीका कारण मानिसको आवतजावत घट्दा मकै, भक्का, जुत्तालगायतका व्यवसायमा बिक्री खस्किएको छ भने रिसोर्टका पौडी पोखरी, एसीजडित होटल, चिसो पेयपदार्थ, जुसलगायतको व्यापार बढेको व्यवसायीहरु बताउँछन् ।**

दमक / अधिक गर्मीका कारण तराई मधेशको जनजिवन प्रभावित भएको छ । पछिल्ला दिन बढेको अचाक्ली गर्मीले जनजीवनसँगै साना व्यवसायी र दैनिक ज्यालादारी मजदुरको दैनिकीसमेत प्रभावित भएको छ ।


कोरोनाकालपछि अपेक्षित रूपमा उठ्न नसकेको व्यापार–व्यवसायलाई महँगी, कमजोर क्रयशक्ति र आर्थिक मन्दीले थिचिरहेका बेला बढ्दो गर्मीले सडक तथा खुला ठाउँमा निर्भर व्यवसायीको आम्दानीमा थप समस्या सिर्जना गरेको छ । झापाको दमकमा गर्मीका कारण मानिसको आवतजावत घट्दा मकै, भक्का, जुत्तालगायतका व्यवसायमा बिक्री खस्किएको छ भने रिसोर्टका पौडी पोखरी, एसीजडित होटल, चिसो पेय पदार्थ, जुसलगायतको व्यापार बढेको ब्यवसायीहरू बताउँछन् ।

गर्मी बढेसँगै मानिसको दैनिक आवश्यकता र उपभोगको शैलीमा परिवर्तन आउने भएकाले केही व्यवसायको कारोबार स्वाभाविक रूपमा बढ्ने गर्छ । गर्मीयाममा सबैभन्दा बढी फस्टाउने व्यापारमध्ये जुस, आइसक्रिम, चिसो पेय पदार्थ र बरफ प्रमुख हुन् । चिसोमा राखिएको दही र मही पनि अत्याधिक प्रयोगमा आउने गरेको छ । चर्को घाम र शरीरमा पानीको कमी हुँदा मानिसले चिसो तथा झोलिलो पदार्थ बढी खोज्ने गरेका छन् ।

गर्मीसँगै पानी, मिनरल वाटर, नरिवल पानी तथा फलफूलका पसल पनि ग्राहकको रोजाईमा परेका छन् । यसैगरी गर्मीमा हल्का र रसिलो फलफूलको माग बढ्ने भएकाले तरबुजा, खरबुजा, कात्रो, सुन्तलालगायतका फलफूलको ब्यापार राम्रो भएको दमकमा उखुको जुस ब्यापार गर्दै आएका नितिस साहले बताए । सडकमा चिसो पेय तथा आइसक्रिम बेच्ने साना व्यवसायीका लागि गर्मी आम्दानी बढाउने अवसर बन्ने गरेको छ । तर अत्यधिक गर्मीका कारण दिउँसो मानिसको आवतजावत घट्दा सडकमा निर्भर ब्यापार भने खसै नभएको उनको भनाइ छ ।

दमकका सडकमा जुस बेच्दै आएका अर्का ब्यवसायी लालु यादव गर्मीलाई व्यापारको अवसरका रूपमा लिन्छन् । 'जुस जाडोमा भन्दा गर्मीमै बिक्छ । गर्मीभरि कमाएको पैसाले वर्षभरि चलाउनुपर्छ,' उनी भन्छन् । उनका अनुसार

बाँकी ४ पेजमा ▸▸



## गर्मीसँगै सर्पदंशको जोखिम बढ्यो

**दमक/** झापाको अर्जुनधारामा सर्पको डसाइबाट दुई दिनमा दुई जनाको मृत्यु भएको छ । अर्जुनधारा नगरपालिका-८, सारूगाउँका विनोद लिम्बूको घरमै सुतेको अवस्थामा सर्पले डसेपछि उपचारका क्रममा मृत्यु भएको हो ।

सर्पले डसेपछि लिम्बूलाई उपचारका लागि चारआलीस्थित नेपाली सेनाको सर्पदंश उपचार केन्द्र लगिएको थियो । त्यहाँबाट थप उपचारका लागि बिर्तामोडस्थित बी एण्ड सी अस्पताल रिफर गरिएकोमा उपचारकै क्रममा उनको मृत्यु भएको पारिवारिक श्रोतले जनाएको छ ।

यसअघि अर्जुनधारामै २० वर्षीया अनुसा राईको पनि सर्पदंशबाट मृत्यु भएको थियो । लगातार दुई दिन सर्पदंशबाट दुई जनाको मृत्यु भएपछि झापामा गर्मीयाम तथा वर्षायामसँगै बढ्ने सर्पदंशको जोखिमप्रति चिन्ता बढेको छ ।

यता, गर्मीसँगै मधेस प्रदेशमा पनि सर्पदंशका घटना बढ्न थालेपछि प्रदेशका सर्पदंश उपचार केन्द्रमा एन्टी स्नेक भेनम पठाउन थालिएको छ । मधेस प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रका प्रमुख डा. नागेन्द्र यादवका अनुसार प्रदेशका सर्पदंश उपचार हुने २७ वटै अस्पताल तथा उपचार केन्द्रमा आवश्यकताअनुसार औषधि पठाउन थालिएको हो ।

बाँकी ४ पेजमा ▸▸

# कोशी प्रदेश प्रहरीले उठायो १४ करोड बढी राजश्व

**दमक/** कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले आर्थिक वर्ष २०८२/८३ मा अदालतको फैसला कार्यान्वय गर्ने क्रममा १४ करोड १६ लाख राजस्व संकलन गरेको छ । सो अवधिमा चार हजार ६०३ फरार प्रतिवादीलाई पक्राउ गरिएको छ ।

कोशी प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं वरिष्ठ प्रहरी उपरीक्षक योगेन्द्रसिंह थापाका अनुसार आर्थिक वर्ष २०८०/८१ मा दुई हजार ३८५ फरार प्रतिवादी पक्राउ परेका थिए । अदालतको फैसला कार्यान्वय गर्ने क्रममा उनीहरुबाट ८६ करोड ४८ लाख राजस्व सङ्कलन गरिएको थियो । आर्थिक वर्ष २०८१/८२ मा तीन हजार ५१३ फरार प्रतिवादी पक्राउ पर्नुका साथै १५ करोड एक लाख राजस्व सङ्कलन भएको थियो ।

यस्तै आर्थिक वर्ष २०८२/८३ मा भन्सार चोरी तस्करी नियन्त्रणअन्तर्गत २० करोड चार लाख ५१ हजार, आर्थिक वर्ष २०८०/८१ मा १२ करोड ३८ लाख र आर्थिक वर्ष २०८१/८२ मा सोही शीर्षकमा २० करोड चार लाख २० हजार राजस्व संकलन भएको प्रवक्ता थापाले बताए ।

कार्यालयबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८२/८३ मा नौ हजार ८६३ मुद्दा दर्ता भएकामा सात हजार ४६८ जना पक्राउ परेका थिए। आर्थिक वर्ष २०८०/८१ मा नौ हजार ३८७ मुद्दा दर्ता भएकामा सात हजार ३०४ जना पक्राउ परेका थिए । यस्तै आर्थिक वर्ष २०८१/८२ मा नौ हजार ४६१ थान मुद्दा दर्ता भएकामा आठ हजार १६० जनालाई पक्राउ गरिएको थियो ।

लागुऔषध तर्फ आर्थिक वर्ष २०८२/८३ मा एक हजार ३१३, आर्थिक वर्ष २०८०/८१ मा एक हजार ३९ र आर्थिक वर्ष २०८१/८२ मा एक हजार ४३७, कर्तव्य ज्यान सम्बन्धी आर्थिक वर्ष २०८२/८३ मा ८४, आर्थिक वर्ष २०८०/८१ मा ११८ र आर्थिक वर्ष २०८१/८२ मा १०३, साइवर अपराधतर्फ आर्थिक वर्ष २०८२/८३ मा ४०, आर्थिक वर्ष २०८०/८१ मा २४ र आर्थिक वर्ष २०८१/८२ मा ३५ तथा मानव बेचबिखनतर्फ आव २०८२/८३ मा १५, आर्थिक वर्ष २०८०/८१ मा ११ र आर्थिक वर्ष २०८१/८२ मा ११ मुद्दा दर्ता भएका कोशी प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

## स्वास्थ्य बीमा अन्तर्गत ३ अर्ब ५६ करोड भुक्तानी

दमक/ स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत विभिन्न जिल्लाका ३७६ स्वास्थ्य संस्थालाई ३ अर्ब ५६ करोड ८ लाख ९४ हजार ९६० रूपैयाँ ६९ पैसा भुक्तानी गरिएको छ ।

स्वास्थ्य बीमा कार्यक्रमको २०८२ माघ र फागुन महिनाको सेवाबापत स्वास्थ्य संस्थाहरूलाई उक्त रकम भुक्तानी गरिएको हो । भुक्तानी पाउनेमा सरकारी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, नगर अस्पताल, आँखा अस्पताल तथा निजी तथा शिक्षण अस्पतालसमेत छन् ।

भुक्तानी विवरणमा ठूला अस्पतालसँगै दुर्गम तथा ग्रामीण क्षेत्रमा रहेका प्राथमिक स्वास्थ्य केन्द्र, आधारभूत अस्पताल र जिल्ला अस्पतालहरु लगायत सबै सेवा प्रदायक समेटिएका छन् ।

स्वास्थ्य बीमाअन्तर्गत सेवा प्रदान गरेका स्वास्थ्य संस्थाले गरेको दाबीहरूको रूजु तथा मुल्यांकनका गरी स्वीकृत विवरणका आधारमा रकम भुक्तानी गरिएको हो ।

## मधेस प्रदेश सरकारका पाँच निर्णय

**दमक/** मधेश प्रदेश सरकारको जनकपुरमा बसेको मन्त्रिपरिषद् बैठकले पाँच महत्वपूर्ण निर्णय गरेको छ । मुख्यमन्त्री कृष्णप्रसाद यादवको नेतृत्वमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मधेश भवनमा बसेको बैठकले प्रदेशको समग्र विकास, प्रशासनिक सुदृढीकरण, निजामती कर्मचारीहरूको सेवा सुविधा तथा कृषि र खाद्य सुरक्षाका क्षेत्रमा अल्पकालीन र दीर्घकालीन असरहरूसँगै समसामयिक विषयमा छलफल गरी निर्णय गरेको अर्थमन्त्री युवराज भट्टराईले बताएका छन् ।

बैठकले कृषि तथा खाद्य प्रणाली रूपान्तरणसम्बन्धी जलवायु अनुकूलन लगानी योजना 'अध्ययन प्रतिवेदनलाई सर्वसम्मतिले अनुमोदन गरेको छ । प्रतिवेदनका निष्कर्ष तथा रणनीतिहरू कार्यान्वयनमा ल्याउन र सार्वजनिक पहुँचका लागि आधिकारिक रूपमा सार्वजनिक गर्ने निर्णय गरिएको छ । यस निर्णयले प्रदेशको कृषि चक्र र खाद्य शृंखलालाई जलवायु उत्थानशील बनाउन अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा निजी क्षेत्रको लगानी भित्र्याउन सहयोग पुग्ने अपेक्षा छ ।

त्यस्तै प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्यको नीतिगत व्यवस्था अनुसार २०८३ साउन १ गतेदेखि लागू हुने गरी प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका सम्पूर्ण श्रेणी र तहका कर्मचारीहरूको सुरु स्केलको आधारभूत तलबमा १० प्रतिशत वृद्धि गरी नयाँ तलबमान, ग्रेड रकम तथा अधिकतम ग्रेड संख्या स्वीकृत गरिएको छ । स्थानीय सेवाका

बाँकी ४ पेजमा ▸▸

## लागूऔषधसहित एघार जना पक्राउ

**दमक/** नियमित गस्तीमा रहेको प्रहरी टोलीले झापाको भद्रपुरबाट एकजनासहित देशका विभिन्न भागबाट लागूऔषधसहित ११ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार चितवनको रत्ननगर नगरपालिकाबाट दुई, कास्कीको बागलुङ बसपार्क र खुदीखोलाबाट एक-एक, दाङको तुलसीपुर उपमहानगरपालिकाबाट दुई, भक्तपुरको दुवाकोटबाट एक, तनहुँको आँबुखैरेनीबाट एक, कैलालीको धनगढी उपमहानगरपालिका-७ जेपी चोकबाट एक र सुनसरीको इटहरी उपमहानगरपालिका-१७ बाट एक जना पक्राउ परेका छन् ।

प्रहरीले उनीहरूका साथबाट लागूऔषध खैरो हेरोइन तथा चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने डाइजेपाम, नोर्फिन, फेनारगन, ट्रामाडोल र प्रोमेथाजाइन बरामद गरेको छ ।

## खोलेमा परेर बालकको मृत्यु

**ताप्लेजुङ/** ताप्लेजुङको फुङ्लिङ नगरपालिकाका पशुचौपायाका लागि पकाएको खोले (कुँडो) मा परेर एक बालकको मृत्यु भएको छ । फुङ्लिङ नगरपालिका-१० फुरूम्बुका तिलकसिंह लेछर्बो लिम्बूका चार वर्षीय छोरा सेसेहाङको मृत्यु भएको हो ।

फुरूम्बुका वडाध्यक्ष सन्तोष लिम्बूका अनुसार बिहीबार साँझ पकाइरहेको खोलेको भाँडोमा बालक अचानक डुबेका थिए । खोलेमा परेर गम्भीर घाइते भएका बालकको जिल्ला अस्पताल ताप्लेजुङमा प्राथमिक उपचारपछि थप उपचार गर्न सुविधा सम्पन्न अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको वडाध्यक्ष लिम्बूले जानकारी दिए । उपचारका लागि झापातर्फ लैजाने क्रममा पाँचथरको गोपेटार पुर्‍याउँदा बालकको मृत्यु भएको थियो ।

# सामाजिक सञ्जाल दुरुपयोगका २० हजारबढी उजुरी

**दमक/** नेपालमा सामाजिक सञ्जालको प्रयोगसँगै यसको दुरुपयोगबाट हुने साइबर अपराध बढ्दै गएको छ। आर्थिक वर्ष २०८२/८३ मा मात्रै साइबर अपराधसम्बन्धी २० हजार ५२६ वटा निवेदन प्रहरीमा दर्ता भएका छन्। सो अवधिमा १६१ वटा मुद्दा दर्ता हुँदा १५५ जना पक्राउ परेका छन्।

प्रहरीका अनुसार सामाजिक सञ्जालमार्फत चरित्र हत्या, ब्ल्याकमेलिङ, ठगी, अनधिकृत पहुँच र अनलाइन स्क्यामिङका घटना बढिरहेका छन्। पछिल्लो समय बैंक तथा डिजिटल वालेटका कर्मचारी भएको भन्दै खातामा पहुँच पुर्‍याएर ठगी गर्ने, उपहार, चिठ्ठा र पार्सलको प्रलोभन देखाउने तथा प्रेम सम्बन्ध र वैदेशिक रोजगारीको बहानामा रकम असुल्ने प्रवृत्ति बढेको साइबर ब्यूरोले जनाएको छ।

असारमा मात्रै नुवाकोटका ३४ वर्षीय सुरेन्द्रप्रसाद खनाललाई इमेलमार्फत अश्लील सन्देश पठाई महिलाको चरित्र हत्या गरेको आरोपमा पक्राउ गरिएको थियो। नुवाकोटकै १९ वर्षीय विवेक सुनार फेसबुक ह्याक गरी अनधिकृत पहुँचमार्फत ठगी गरेको आरोपमा र रौतहटका २२ वर्षीय शुभम साह इसेवाको कर्मचारी भएको बहाना बनाएर ठगी गरेको आरोपमा पक्राउ परेका थिए।

केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार गत आर्थिक वर्षमा दर्ता भएका उजुरीमध्ये फेसबुक/म्यासेन्जर दुरुपयोगका ७ हजार १२३, टिकटकका ६ हजार ७७६, ह्वाट्सएपका ३ हजार १०५ र टेलिग्रामका १ हजार ३१ वटा छन्। इन्स्टाग्रामका ६२८ तथा इसेवा, खल्ती, बैंक खाता र एसएमएससँग सम्बन्धित ७४४ वटा उजुरी दर्ता भएका छन्।

आर्थिक वर्ष २०८१/८२ मा १८ हजार ९२६

बाँकी ४ पेजमा ▸▸

# रिजालको ग्यास उद्योगलाई २ लाख ९५ हजार जरिवाना



**उर्लाबारी/** जिल्ला प्रशासन कार्यालय, मोरङले म्याद गुज्रिएका सिलिण्डरमा सिल तोडी पुनः प्रयोग गर्ने एक ग्यास उद्योगलाई २ लाख ९५ हजार रूपैयाँ जरिबाना गरेको छ ।

जिल्ला प्रशासन कार्यालय, मोरङको नेतृत्वमा वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, जिल्ला प्रशासन कार्यालय, गुणस्तर तथा नापतौल कार्यालय, जिल्ला प्रहरी कार्यालय लगायतका प्रतिनिधिहरु सम्मिलित संयुक्त बजार अनुगमन टोलीले बुढीगंगा गाउँपालिका वडा नं. ५ मा सञ्चालित रिजालको भान्छा ग्यास उद्योग प्रालिको अनुगमन गरेको थियो । उद्योगको परिसरमा रहेका १९ वटा सिलिण्डरहरूमध्ये ११ वटाको तौल परीक्षण गर्दा एउटा सिलिण्डरमा २४० ग्राम कम तौल भेटिएको थियो ।

बाँकी ४ पेजमा ▸▸


**दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !**



आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने, वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाक्टर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।

सेवामा आवद्ध डाक्टरहरु

☞ डा. हेम राज गैरे ☞ डा. सि.पि. गैरे ☞ डा. राहुल गुप्ता
☞ डा. विवेक शिंह ☞ डा. टंक न्यौपाने ☞ डा. स्मारक दाहाल
☞ डा. मोलिका श्रेष्ठ ☞ डा. काश्मी श्रेष्ठ ☞ डा. सायारा ढकाल
☞ डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**

दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोनः ०२३-५७५९०६)

## सम्पादकीय

# ग्यास अभावको दीर्घकालीन समाधान खोज्न आवश्यक

दमकमा खाना पकाउने एलपी ग्यासको अभाव भएको जनगुनासोपछि नगरपालिकाको पहलमा सुरू गरिएको अनुगमनले तत्कालका लागि आपूर्ति सहज बनाउन सकारात्मक भूमिका खेलेको छ । नगरपालिका, उद्योग वाणिज्य संघ, सुरक्षा निकाय र इलाका प्रशासनको संयुक्त सक्रियताले बजारमा ग्यासको कृत्रिम अभाव सिर्जना गर्ने सम्भावनालाई नियन्त्रण गर्न र वास्तविक अवस्था पहिचान गर्न सहयोग पुगेको देखिन्छ । उपभोक्ताले ग्यासका लागि लामो समय कुर्नुपर्ने र व्यवसायीले पर्याप्त आपूर्ति नपाएको अवस्थामा गरिएको यो पहल स्वागतयोग्य छ । अनुगमनका क्रममा दमकका विभिन्न क्षेत्रमा रहेका १२ वटा ग्यास डिलर तथा पसलमा ग्यास लुकाएर राखेको नपाइनु आफैंमा महत्वपूर्ण तथ्य हो । यसले बजारमा देखिएको अभावको कारण व्यवसायीले मात्र सिर्जना गरेको निष्कर्ष निकाल्न नमिल्ने देखाउँछ । व्यवसायीहरुले केही ग्यास कम्पनीबाटै अपेक्षित मात्रामा आपूर्ति नभएको गुनासो गरेका छन् । बाङ्गी चोकमा अभाव भएका उपभोक्तालाई बिक्री गर्न केही डिलरले सिलिण्डर बाहिर राखेको भेटिनु र कन्काई ग्यासको उपलब्धता न्यून देखिनुले आपूर्ति शृंखलामा समस्या रहेको संकेत गर्छ ।

अर्कोतर्फ, केही स्थानमा ग्यासको मूल्य बढी लिएको गुनासो आउनु चिन्ताको विषय हो । घरमै ग्यास पुऱ्याउँदा डेलिभरी शुल्क थपिनु स्वाभाविक भए पनि अभावलाई आधार बनाएर उपभोक्तामाथि अतिरिक्त आर्थिक भार पार्ने काम स्वीकार्य हुन सक्दैन । अनुगमनको उद्देश्य केवल ग्यास खोज्नु वा डिलरको गोदाम हेर्नु मात्र नभई मूल्य, वितरण प्रणाली र उपभोक्ता अधिकारको समेत प्रभावकारी निगरानी गर्नु हुनुपर्छ । दमकको समस्या तत्कालीन अनुगमनबाट केही सहज भए पनि यसलाई स्थायी समाधान मान्नु हुँदैन । नेपालमा खाना पकाउने ग्यासको आपूर्ति बाह्य आयातमा निर्भर रहेको अवस्थामा कुनै कम्पनीको आपूर्ति घट्दा वा ढुवानी तथा वितरण प्रणालीमा अवरोध आउँदा यस्ता समस्या दोहोरिन सक्छन् । त्यसैले हरेकपटक अभाव भएपछि बजार अनुगमन गर्नेभन्दा अभाव हुन नदिने पूर्वतयारी र आपूर्ति व्यवस्थापनको दीर्घकालीन प्रणाली विकास गर्न आवश्यक छ ।

यसका लागि स्थानीय तहले ग्यास कम्पनी, डिलर र सम्बन्धित सरकारी निकायसँग नियमित समन्वय गर्नुपर्छ । कुन कम्पनीबाट कति ग्यास दमक भित्रिन्छ, मागको तुलनामा आपूर्ति कति छ र कुन क्षेत्रमा कति वितरण हुन्छ भन्ने तथ्यांक व्यवस्थित राखिनुपर्छ । आपूर्ति घट्ने संकेत देखिएमा त्यसको जानकारी समयमै स्थानीय प्रशासन र उपभोक्तालाई दिने व्यवस्था हुनुपर्छ । त्यस्तै, डिलरलाई पारदर्शी वितरण प्रणाली अपनाउन बाध्य पार्दै उपभोक्ताले सहज रुपमा ग्यास पाउने वातावरण सुनिश्चित गर्नुपर्छ ।

होटल तथा रेस्टुरेन्ट व्यवसायी ग्यास अभावबाट प्रत्यक्ष प्रभावित हुने भएकाले उनीहरुको समस्यालाई पनि आपूर्ति व्यवस्थापनको हिस्साका रुपमा लिनुपर्छ । नियमित ग्यास नपाउँदा व्यवसायको लागत बढ्ने र त्यसको असर अन्ततः उपभोक्ताको मूल्यमा पर्ने सम्भावना हुन्छ । त्यसैले घरायसी उपभोक्तासँगै व्यावसायिक प्रयोजनका उपभोक्ताको मागलाई समेत ध्यानमा राखेर वितरण प्रणाली बनाउन जरूरी छ । दमकमा सुरू भएको संयुक्त अनुगमनलाई निरन्तरता दिनु राम्रो हो । तर अनुगमन परिणाममुखी हुनुपर्छ । दोषी भेटिए कारबाही गर्ने र आपूर्ति प्रणालीमा कमजोरी देखिए सम्बन्धित निकायसँग समन्वय गरी सुधार गर्ने स्पष्ट कार्ययोजना आवश्यक छ । अहिले सहज भएको ग्यास बजार फेरि केही दिनपछि उही समस्यामा नफर्कियोस् भन्नेतर्फ नगरपालिकाले विशेष ध्यान दिनुपर्छ । ग्यासजस्तो अत्यावश्यक वस्तुको अभावलाई सामान्य बजार समस्याका रुपमा लिन मिल्दैन । नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको वस्तुको आपूर्ति नियमित र सहज बनाउनु सरकार तथा सम्बन्धित व्यवसायीको दायित्व हो । दमकको पछिल्लो अनुगमनले तत्कालीन समस्या केही कम गरेको छ भने अब त्यसबाट सिकेर दीर्घकालीन आपूर्ति सुरक्षा, पारदर्शी वितरण र प्रभावकारी नियमनको आधार तयार गर्नुपर्छ । समस्या दोहोरिएपछि अनुगमन गर्ने होइन, समस्या दोहोरिन नदिने प्रणाली निर्माण गर्नु नै अहिलेको मुख्य आवश्यकता हो ।

# शिक्षा सुधारमा अबको एजेन्डा



✍ रामप्रसाद बराल

**अब प्रश्न शिक्षाको पहुँच कति बढ्यो भन्ने मात्र होइन । प्रश्न हो- यसले कस्ता नागरिक तयार गरिरहेको छ डिग्रीधारीको संख्या बढिरहँदा शिक्षित बेरोजगारी, सीपको अभाव र युवाको विदेश पलायन पनि बढिरहेको छ भने हाम्रो शिक्षा प्रणालीको उद्देश्य र परिणामबीच कतै गम्भीर दूरी त छैन यही प्रश्न नेपालको शैक्षिक बहसको केन्द्रमा आउनुपर्छ ।**

नेपालको शिक्षा क्षेत्रमा पछिल्ला केही दशकमा भएको विस्तारलाई कम आँक्न मिल्दैन । कुनै समय सीमित वर्ग र निश्चित भूगोलमा केन्द्रित शिक्षा आज देशका अधिकांश नागरिकको पहुँचमा पुगेको छ । विद्यालयदेखि विश्वविद्यालयसम्म शैक्षिक संस्थाको संख्या बढेको छ, विद्यार्थीको सहभागिता विस्तार भएको छ र साक्षरता दर उल्लेख्य रूपमा उक्लिएको छ । अहिले नेपालमा १७ विश्वविद्यालय, सात स्वास्थ्य विज्ञान प्रतिष्ठान, करिब १ हजार ४ सय क्याम्पस तथा हजारौं विद्यालय सञ्चालनमा छन् । शिक्षा क्षेत्रसँग विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक र अन्य सरोकारवालासहित ठूलो जनसंख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिएको छ ।

तर अब प्रश्न शिक्षाको पहुँच कति बढ्यो भन्ने मात्र होइन । प्रश्न हो-यसले कस्ता नागरिक तयार गरिरहेको छ डिग्रीधारीको संख्या बढिरहँदा शिक्षित बेरोजगारी, सीपको अभाव र युवाको विदेश पलायन पनि बढिरहेको छ भने हाम्रो शिक्षा प्रणालीको उद्देश्य र परिणामबीच कतै गम्भीर दूरी त छैनरू यही प्रश्न नेपालको शैक्षिक बहसको केन्द्रमा आउनुपर्छ ।

अमेरिकी शिक्षाविद् जोन ड्युईले शिक्षा जीवनको तयारी मात्र नभई स्वयं जीवन भएको बताएका छन् । शिक्षा परीक्षा उत्तीर्ण गर्ने र प्रमाणपत्र प्राप्त गर्ने माध्यम मात्र होइन यो व्यक्तिलाई जीवनका चुनौती सामना गर्न, समस्या समाधान गर्न, अवसर सिर्जना गर्न र समाजप्रति जिम्मेवार बन्न सक्षम बनाउने प्रक्रिया हो । दुर्भाग्यवश नेपालको शिक्षा प्रणाली लामो समयदेखि परीक्षा, अंक र प्रमाणपत्रको वरिपरि घुम्दै आएको छ । विद्यार्थीले के सिक्योभन्दा कति अंक ल्यायो भन्ने प्रश्न बढी महत्वपूर्ण बन्न पुगेको छ ।

अब यो प्रवृत्ति बदल्नैपर्छ । शिक्षाको केन्द्रमा परीक्षा होइन, सिकाइ हुनुपर्छ । प्रमाणपत्र होइन, क्षमता विकास हुनुपर्छ । विद्यार्थीले पाठ्यपुस्तकका तथ्य सम्झनुका साथै त्यसलाई व्यवहारमा प्रयोग गर्न, प्रश्न गर्न, विश्लेषण गर्न र नयाँ समाधान खोज्न सक्नुपर्छ । आलोचनात्मक सोच, सिर्जनशीलता, सञ्चार, सहकार्य, नेतृत्व र समस्या समाधानजस्ता सीपलाई शिक्षाको मूल उपलब्धिका रूपमा स्थापित गर्न आवश्यक छ ।

विद्यालय शिक्षामा निरन्तर मूल्यांकनको अभ्यासलाई विस्तार गर्ने प्रयास यही परिवर्तनको एउटा महत्वपूर्ण सुरूआत हुन सक्छ । विशेषगरी प्रारम्भिक कक्षामा विद्यार्थीलाई वार्षिक परीक्षाको दबाबभन्दा उसको सिकाइ, व्यवहार, रूचि र व्यक्तिगत प्रगतिका आधारमा मूल्या□न गर्ने व्यवस्था विद्यार्थीकेन्द्रित शिक्षातर्फको कदम हो । तर यसको सफलता कागजमा नियम बनाएर मात्र सम्भव हुँदैन । शिक्षकको क्षमता, विद्यालयको वातावरण, अभिभावकको बुझाइ र प्रभावकारी अनुगमन समान रूपमा आवश्यक हुन्छ । निरन्तर मूल्यांकन पनि अन्ततः अर्को औपचारिक अंक दिने प्रक्रिया' मा सीमित भयो भने सुधारको उद्देश्य पूरा हुँदैन ।

नेपालको अर्को ठूलो चुनौती शिक्षा र श्रमबजारबीचको दूरी हो । रोजगारदाताले सीपयुक्त जनशक्ति नपाएको गुनासो गरिरहेका छन् भने विश्वविद्यालयबाट डिग्री लिएर निस्किएका युवा रोजगारी खोज्दै विदेशिन बाध्य छन् । यसले पाठ्यक्रम र बजारको आवश्यकताबीच तालमेलको अभाव देखाउँछ । अब शिक्षा नीति बनाउँदा श्रमबजार, उद्योग, प्रविधि र बदलिँदो अर्थतन्त्रलाई केन्द्रमा राख्नुपर्छ । परियोजनामूलक सिकाइ, प्रयोगात्मक अभ्यास, इन्टर्नसिप, उद्यमशीलता र अनुसन्धानलाई शिक्षाको अभिन्न हिस्सा बनाउनुपर्छ ।

उच्च शिक्षाको अवस्था अझ गम्भीर रूपमा पुनर्विचार गर्नुपर्ने देखिन्छ । नेपालका विश्वविद्यालयहरु अझै पनि शिक्षण, परीक्षा र प्रमाणपत्र वितरणमा बढी केन्द्रित छन् । अनुसन्धान, नवप्रवर्तन, ज्ञान उत्पादन र उद्योगसँगको सहकार्य अपेक्षाअनुसार अघि बढ्न सकेको छैन । विश्वविद्यालय केवल डिग्री बाँड्ने संस्था होइनस त्यो समाजका जटिल समस्याको समाधान खोज्ने ज्ञान केन्द्र हुनुपर्छ ।

नेपालका विश्वविद्यालयले आफ्नै प्राथमिकतासँग जोडिएका अनुसन्धानलाई प्रोत्साहन गर्नुपर्छ । कृषि आधुनिकीकरण, ऊर्जा, जलवायु परिवर्तन, स्वास्थ्य, पर्यटन, सूचना प्रविधि, डिजिटल अर्थतन्त्र र युवा रोजगारीजस्ता विषयमा विश्वविद्यालयको अनुसन्धानले प्रत्यक्ष राष्ट्रिय लाभ दिन सक्छ । विश्वविद्यालयको मूल्यांकन पनि कति विद्यार्थी उत्तीर्ण भए भन्नेभन्दा कति नयाँ ज्ञान उत्पादन भयो, कति अनुसन्धान व्यवहारमा प्रयोग भयो र समाजमा कस्तो प्रभाव पाऱ्यो भन्ने आधारमा हुनुपर्छ ।

यसका लागि शिक्षकको गुणस्तर सुधार पहिलो सर्त हो । कुनै पनि शिक्षा प्रणाली आफ्ना शिक्षकभन्दा गुणस्तरीय हुन सक्दैन । शिक्षकलाई पाठ्यक्रम पूरा गराउने कर्मचारीका रूपमा मात्र होइन, विद्यार्थीको क्षमता पहिचान गर्ने, जिज्ञासा जगाउने र परिवर्तनको नेतृत्व गर्ने व्यक्तिका रूपमा हेर्नुपर्छ । शिक्षकको निरन्तर क्षमता विकास, अनुसन्धानमा सहभागिता, प्रविधिमैत्री शिक्षण र पेशागत सम्मानबिना गुणस्तरीय शिक्षा सम्भव छैन ।

त्यसैगरी शैक्षिक संस्थाको नेतृत्व पनि निर्णायक हुन्छ । दूरदर्शी र उत्तरदायी नेतृत्वले मात्र विद्यालय तथा विश्वविद्यालयमा सिकाइ, अनुसन्धान र नवप्रवर्तनको संस्कृति विकास गर्न सक्छ । शैक्षिक संस्थाको सफलता उत्तीर्ण प्रतिशत र जीपीएको सीमित दायराबाट बाहिर ल्याउनुपर्छ । विद्यार्थीको सिर्जनशीलता, नेतृत्व, सामाजिक उत्तरदायित्व, उद्यमशीलता र व्यवहारिक क्षमतासमेत सफलताको मापदण्ड बन्नुपर्छ ।

एक्काइसौँ शताब्दीको शिक्षा झनै जटिल चुनौतीसँग जुधिरहेको छ । कृत्रिम बुद्धिमत्ता, स्वचालन र डिजिटल प्रविधिले कामको प्रकृति तीव्र रूपमा बदलिरहेका छन् । आज सिकेको सीप केही वर्षमै पुरानो हुन सक्छ । त्यसैले विद्यार्थीलाई कुनै एउटा पेशाका लागि मात्र तयार पार्नु पर्याप्त छैन । उनीहरूलाई जीवनभर सिकिरहन सक्ने, परिवर्तनसँग अनुकूलन गर्न सक्ने र नयाँ अवसर सिर्जना गर्न सक्ने बनाउनुपर्छ । डिजिटल सीपसँगै नैतिकता, मानवीय संवेदना र सामाजिक उत्तरदायित्वको शिक्षा पनि उत्तिकै आवश्यक छ ।

नेपालले शिक्षामा पहुँच विस्तारको चरणमा उल्लेख्य उपलब्धि हासिल गरिसकेको छ । अब दोस्रो चरणको सुधार गुणस्तर र सान्दर्भिकतामा केन्द्रित हुनुपर्छ । डिग्रीको संख्या बढाएर मात्र देश समृद्ध हुँदैन । प्रमाणपत्र बोकेका तर सीप र अवसरविहीन युवाको संख्या बढाउनु शिक्षा प्रणालीको सफलता होइन ।

हामीलाई अब डिग्रीभन्दा दिशा चाहिएको छ । शिक्षा प्रमाणपत्र उत्पादन गर्ने कारखाना होइनस सक्षम नागरिक, जिम्मेवार नेतृत्व, सिर्जनशील जनशक्ति र समृद्ध समाज निर्माण गर्ने आधार हो । ज्ञानलाई कामसँग, शिक्षालाई जीवनसँग र सिकाइलाई समाजसँग जोड्न सकियो भने मात्र नेपालको शिक्षा वास्तविक रूपान्तरणको शक्तिका रूपमा स्थापित हुनेछ । अब शिक्षाको सफलता विद्यार्थीले कति अंक ल्यायो भन्ने प्रश्नले होइन, उसले जीवन र समाजका लागि कति सक्षम बन्न सक्यो भन्ने प्रश्नले मापन गर्ने समय आएको छ । आदर्शसमाज

# के भियाग्रा खाँदा क्यान्सर कम हुन्छ ?

दमक/ क्यान्सर खतरनाक रोग हो । क्यान्सरका धेरै प्रकार छन । यसका कारण हरेक वर्ष विश्वभर ठुलो संख्यामा मानिसको ज्यान गइरहेको छ । यस रोगको सबैभन्दा खतरनाक पक्ष भनेको यसको प्रारम्भिक लक्षण अदृश्य हुनु हो । यसले शरीरमा जरा गाडेको पनि थाहा हुँदैन । क्यान्सर अन्तिम चरणमा पुगेपछि प्रायः मान्छेको मृत्यु हुन्छ । एउटा अध्ययनले यसको जोखिम कम गर्ने सम्भावनाबारे बताएको छ । भियाग्राको प्रयोगले क्यान्सरको जोखिम कम गर्न सक्छ । यो थाहा पाउँदा तपाईंलाई अचम्म लाग्न सक्छ, तर अनुसन्धानले यस्तै संकेत गरेको छ ।

पुरूषहरूमा इरेक्टाइल डिसफंशनको उपचार गर्न प्रयोग गरिने औषधि भियाग्राले क्यान्सर कोषहरूको फैलावट रोक्न मद्दत गर्न सक्ने एक अध्ययनले पत्ता देखाएको छ । यो अलि अचम्मलाग्दो लाग्ला, तर प्रारम्भिक अनुसन्धानले यस्ता सकेतहरु फेला पारेको छ । यद्यपि, यसमाथि थप अध्ययन आवश्यक रहेको अनुसन्धानकर्ताहरु विश्वास गर्छन ।

वैज्ञानिकहरूका अनुसार, भियाग्रामा रहेको सिल्डेनाफिलले शरीरमा क्यान्सर फैलिने क्षमतालाई कमजोर बनाउन सक्छ । यतिमात्रै होइन, अनुसन्धानले त भियाग्रामा रहेको सिल्डेनाफिलले क्यान्सर कोषहरूलाई फैलिनबाट रोक्ने पनि भनेको छ । किनकि यसलाई फैलिन कोलेस्ट्रोल चाहिन्छ । यस्तोमा भियाग्रामा पाइने तत्वले यस प्रक्रियामा हस्तक्षेप गर्न सक्छ । अनुसन्धान अनुसार, सिल्डेनाफिलले फस्फोडिएस्टेरेज टाइप ५ नामक इन्जाइमलाई रोक्छ । यसले शरीरमा सीजीएमपी नाम गरेको सिग्नलिङ अणु बढ्छ ।

यो बढेको अणुले रक्तनलीहरूलाई फराकिलो बनाउँछ र लिङ्गमा रक्त प्रवाह बढाउँछ, जसले गर्दा भियाग्रा प्रभावकारी हुन्छ ।

यस प्रक्रियामा वैज्ञानिकहरूले सीजीएमपी एउटा यस्तो प्रोटिनसँग जोडिएको हुन्छ, जसले कोषहरुभित्र कोलेस्ट्रोल पुऱ्याउने काम गर्दछ भन्ने पत्ता लगाए । यसबाट क्यान्सर कोषहरूले ठिकसँग कोलेस्ट्रोल पाउँदैनन । कोलेस्ट्रोलको कमीले क्यान्सर कोषको फैलिने क्षमतालाई कमजोर बनाउन सक्छ, तर यसबारे व्यापक अनुसन्धान बाँकी छ ।

भियाग्राले क्यान्सरको जोखिम कम गर्छ, तर यसको मतलब यो उपचार भने होइन । यो अनुसन्धान अझै प्रारम्भिक चरणमा छ । त्यसैले कुनै पनि निर्णय लिनु अघि थप अनुसन्धान आवश्यक छ । यदि तपाईं क्यान्सरबाट पीडित हुनुहुन्छ भने तपाईंले डाक्टरसँग नियमित जाँच गराउनु पर्छ र आफ्नो स्वास्थ्यमा ध्यान दिनुपर्छ । डाक्टरसँग परामर्श नगरी सामाजिक सञ्जालमा देख्ने कुनै पनि कुरालाई अपनाउनु हुँदैन । यसले तपाईंको अवस्था बिग्रन सक्छ ।

## सामाजिक सञ्जाल

# सन्तोषको अनुभूति !



बाबुराम भट्टराई, पूर्व प्रधानमन्त्री


विश्वका प्रतिष्ठित विश्वविद्यालयहरु (MIT, LSE, Stanford, Yale, Harvard, Peking, Asoka ) का Ph D बिद्यार्थीहरु र प्राध्यापकहरूको सहभागिता रहेको काठमाण्डौमा संचालित कार्यशाला गोष्ठीमा नेपालको जनयुद्धको समावेसी लोकतन्त्रको विकासमा प्रभाव सम्बन्धी शोधपत्र " From PeopleÚs War to PeopleÚs Rule" ("जनयुद्धदेखि जनसत्तासम्म") बारे छलफलमा बक्ताको रूपमा सहभागी हुँदा सन्तोषको अनुभूति!

Yale University की भारतीय मूलकी प्राध्यापक रोहिणी पाण्डे लगायतको संलग्नतामा नेपालको जनयुद्धको विशेष प्रभाव भएका तथा जनसरकार हरु संचालन भएका क्षेत्र र जनयुद्धको कम प्रभाव भएका वा प्रभाव नभएका क्षेत्रहरूमा नयाँ नेपालको संविधान बनेपछि भएका स्थानीय चुनावहरूको संचालन र परिणामको अध्ययनको आधारमा तयार गरिएको शोधपत्रले जनयुद्ध र जनसरकारको प्रभाव विशेषतः समावेसी लोकतन्त्रको विकासमा निकै सकारात्मक र महत्वपूर्ण रहेको पुष्टी गरेको छ।

यसबाट जनयुद्धको वेला जनसरकार ( संयुक्त क्रान्तिकारी जनपरिषद् ) प्रमुखको हैसियतले तत्कालीन पार्टीका ठूलो संख्याका साथीहरु सहित महत्वपूर्ण भूमिका निर्वाह गर्न पाएकोमा थप खुशीको अनुभूति!

छलफलको क्रममा नेपालको 'जनयुद्ध'को रूपमा एक्काइसौं शताब्दीको शुरूमा सम्पन्न ऐतिहासिक जनक्रान्तिलाई अठारौं शताब्दीमा अमेरिका, फ्रान्स हुंदै पछिल्ला शताब्दीमा संसारका विभिन्न देशमा भएका ऐतिहासिक क्रान्तिहरूकै एउटा महत्वपूर्ण कडीको रूपमा बुझ्न सबैसंग आग्रह !

# अश्लिलताको लाइसेन्स पत्रकारले पाएको हुन्छ र ?



केशव थापा

किशोर श्रेष्ठ पक्राउ पर्दा प्रेस स्वतन्त्रताको नाममा सडकमा उत्रिनेहरु नवीन ढुंगाना र युवराज कँडेल पक्राउ पर्दा भने किन चुइँक्क बोलेनन् ?

त्यतिबेला "कानुनले आफ्नो काम गर्छ" भन्नेहरु आज किन फरक मापदण्ड देखाउँदैछन्?

प्रेस स्वतन्त्रता व्यक्ति, समूह वा पार्टी हेरेर बदलिने विषय होइन । सिद्धान्त सबैका लागि एउटै हुनुपर्छ । आफ्ना विचार मिल्ने व्यक्ति पर्दा मात्रै आवाज उठाउने र नमिल्नेलाई कानुनको नाममा छोडिदिने हो भने त्यो निष्पक्ष पत्रकारिता होइन, पक्षधरता हो ।

तर अर्को कुरा अझ गम्भीर छ ।

पत्रकारिताको नाममा कसैको चरित्र हत्या गर्ने छुट कसैलाई हुँदैन । बारम्बार योजनाबद्ध रूपमा छोराछोरी वा परिवारको चरित्रमाथि प्रहार गर्ने काम पत्रकारिता होइन । यो व्यक्तिगत प्रतिष्ठामाथिको आक्रमण हो ।

चरित्र हत्या गर्ने पनि एउटा सीमा हुन्छ ।

कानुन सबैका लागि बराबर हुनुपर्छ । पत्रकार होस् वा राजनीतिक व्यक्ति, समर्थक होस् वा विरोधी, कसैले पनि प्रेस स्वतन्त्रताको नाममा अरूको चरित्र हत्या गर्ने लाइसेन्स पाउनु हुँदैन ।

"सरकारलाई मलाई छोएर त देखा" भन्ने शैलीमा कानुन र राज्यलाई नै खुला चुनौती दिने प्रवृत्ति पनि स्वीकार्य हुनु हुँदैन ।

प्रेस स्वतन्त्रताको रक्षा गरौँ, तर प्रेस स्वतन्त्रताको नाममा हुने गुन्डागर्दी र चरित्र हत्याको पनि विरोध गरौँ ।

यस्तै अरू सामग्रीका लागि पेज फलो गरिदिनुहोस् । तपाईंको एउटा फलोले मलाई अझै लेख्न हौसला दिन्छ ।

# सञ्चार क्षेत्रमा 'रूपान्तरणकारी वर्ष' बनाउने तयारी

दमक । सूचना तथा सञ्चार मन्त्रालयले सञ्चार, दूरसञ्चार तथा डिजिटल सेवाको क्षेत्रमा चालु आर्थिक वर्ष २०८३/८४ लाई 'रूपान्तरणकारी वर्ष' बनाउने गरी सुधारका काम अघि बढाएको जनाएको छ । शासकीय सुधारका १०० मार्गचित्रलाई आधार बनाएर सेवा प्रवाहलाई सरल, छिटो र प्रविधिमैत्री बनाउने, कानुनी तथा संस्थागत सुधार गर्ने र डिजिटल रूपान्तरणलाई प्राथमिकता दिने मन्त्रालयको योजना छ ।

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले आमसञ्चार र दूरसञ्चार क्षेत्रका नीति, ऐन तथा कानुनलाई समयसापेक्ष बनाउँदै राष्ट्रिय तथा जनहितमा आधारित सेवा प्रवाहलाई प्रभावकारी बनाउने काम भइरहेको बताए । उनका अनुसार प्रारम्भिक सुधारको समीक्षा गर्दै सञ्चार क्षेत्रलाई नागरिकमुखी र प्रविधिमैत्री बनाउने तयारी अघि बढाइएको छ ।

सय दिनको सुधार कार्ययोजनाअन्तर्गत हुलाक सेवा, डिजिटल सुशासन, कानुनी सुधार, स्मार्ट लाइसेन्स छपाइ, दूरसञ्चार सेवा विस्तार तथा प्रशासनिक पारदर्शितामा काम भइरहेको मन्त्रालयका उपसचिव एवं सूचना अधिकारी रवीन्द्रप्रसाद पौड्यालले बताए ।

हुलाक सेवा विभागमार्फत सरकारी कुरियर सेवालाई आधुनिक बनाउने कामलाई पनि प्राथमिकता दिइएको छ । साउन २५ गतेसम्म जिल्ला प्रशासन कार्यालयमा २ लाख ४४ हजार ६१९ थान राहदानी ढुवानी गरिएकामा ८ हजार ४५३ थान घरमै पुऱ्याइएको मन्त्रालयले जनाएको छ । यातायात कार्यालयमा १० लाख ३८ हजार ८०८ थान सवारीचालक अनुमतिपत्र ढुवानी गरिएकामा १ हजार ९७ थान घरमै पुऱ्याइएको छ ।

मन्त्रालयले सूचना प्रविधि, साइबर सुरक्षा र कृत्रिम बुद्धिमत्तासम्बन्धी विधेयकका मस्यौदा तयार गरेको जनाएको छ । प्रसारण इजाजत तथा चलचित्र जाँचपासजस्ता सेवाको अवधि घटाएर एकदेखि तीन दिनभित्र सेवा दिने व्यवस्था गरिएको छ ।

दूरसञ्चारतर्फ डाटा प्याकेज ९० प्रतिशत खपत भएपछि ग्राहकलाई जानकारी दिने व्यवस्था गरिएको छ । ८०० मेगाहर्ज ब्यान्डमा थप फ्रिक्वेन्सी उपलब्ध गराएपछि नेपाल टेलिकमको फोरजी इन्टरनेट गति ५९.७ प्रतिशतले बढेको मन्त्रालयको दाबी छ ।

# गड्यौला मल बेचेर वार्षिक २२ लाखसम्म आम्दानी



दमक/ वैदेशिक रोजगारीका लागि युवाहरू विदेशिने क्रम बढिरहेका बेला सर्लाहीका ५७ वर्षीय सन्त लोप्चनले स्वदेशमै सीप र मेहनत गरेर राम्रो आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरेका छन् । लालबन्दी नगरपालिका( २, जुटपानी निवासी लोप्चनले विगत १४ वर्षदेखि जैविक तथा गड्यौला मल उत्पादन र बिक्री गर्दै वार्षिक ४० देखि ४५ लाख रूपैयाँ बराबरको कारोबार तथा करिब २० देखि २२ लाख रूपैयाँसम्म आम्दानी गर्दै आएका छन् ।

लोप्चनले घरमै सञ्चालन गरेको लोप्चन गाई फार्म तथा भार्मिङ कम्पोस्टमार्फत जैविक र गड्यौला मल उत्पादन गर्दै आएका उनले मलको माग बढ्दै गए पनि कतिपय समयमा मागअनुसार आपूर्ति गर्न कठिन हुने गरेको छ ।

"मेहनत गर्ने हिम्मत र हातमा सीप भए एक-दुई लाख रूपैयाँ कमाउन विदेश जानुपर्दैन", उहाँले भन्नुभयो, "अहिले किसानहरू आफैँ मल खोज्दै आउनुहुन्छ, खुसी लाग्छ ।"

लोप्चनले २०६९ सालतिर कृषि ज्ञान केन्द्रबाट जैविक तथा गड्यौला मल उत्पादनसम्बन्धी सातदिने तालिम लिनुभएको थियो । तालिमपछि करिब एक हजार वटा गड्यौला लिएर व्यावसायिक उत्पादन सुरू गर्नुभएको थियो । सुरूआती चरणमा भने उत्पादित मल बिक्री गर्न निकै कठिन भएको अनुभव छ ।

त्यतिबेला स्थानीय किसानले बिरूवा तथा खेतीका लागि भारतबाट मल ल्याउने गरेको सम्झँदै उनले आफूले किसानलाई आफ्नो उत्पादन प्रयोग गर्न आग्रह गर्दै घरघरमै पुर्‍याएको बताए ।

लालबन्दी आलु, प्याज, काउली र टमाटर उत्पादनका लागि परिचित क्षेत्र भएकाले विस्तारै उत्पादनको बजार पनि बढ्दै गएको हो । अहिले उत्पादन गरेको २५ किलोको प्याकेट जैविक तथा गड्यौला मल काठमाडौँ, ललितपुर, भक्तपुर, धनुषा, महोत्तरी, रौतहटलगायतका जिल्लाका एग्रोभेट तथा किसानसम्म पुग्ने गरेको छ ।

एउटा २५ किलोको बोराको मूल्य ३२५ रूपैयाँ रहेको छ । उत्पादन बढी भएका बेला महिनामा दुई ट्रकसम्म मल काठमाडौँ पठाउने गरेको छ । अहिले भने औसतमा महिनामा एक ट्रक मल पठाउने गरिएको छ । एउटा ट्रकमा करिब ४०० बोरा मल जाने गरेको छ ।

यस व्यवसायमा लगानीको तुलनामा करिब ५० प्रतिशतसम्म मुनाफा लिन सकिन्छ ।

कृषि प्राविधिक सुरज खनालका अनुसार कम्पोष्ट तथा गड्यौला मलको प्रयोगले माटोको उर्वराशक्ति कायम राख्न तथा सुधार गर्न सहयोग पुग्छ । रासायनिक मलको अत्यधिक प्रयोगले माटोको उत्पादन क्षमतामा असर पर्न सक्ने भएकाले जैविक तथा गड्यौला मलको प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने उनले बताए । रासस

## जानकारी

# दिउँसो झुक्किएर पनि नसुत्नुहोस्, दिउँसो सुत्नु घातक हुन्छ



दमक/ सामान्यतया ८ घण्टा काम, ८ घण्टा मनोरञ्जन र ८ घण्टा आराम भन्ने सिद्धान्त हुन्छ । शास्त्र र आयुर्वेदले पनि यो कुरालाई राम्रो जीवनशैली मानेको छ । तर, यो पनि समय अनुसार निर्धारण गर्नुपर्ने हुन्छ । किनकि दिउँसोको समयमा काम गर्नु र रातिको समयमा सुत्नु स्वास्थ्यका लागि राम्रो मानिन्छ ।

तर, रातिको समयमा काम गर्नुपर्नेहरू बाध्यतावश राति उठ्ने र दिउँसो सुत्ने गर्छन । यसबाहेक कोही( कोही को त दिउँसो सुत्ने बानी नै परेको हुन्छ ।

तर शास्त्र अनुसार दिउँसो सुत्नु राम्रो मानिँदैन । यो कुरा आयुर्वेदमा पनि उल्लेख गरिएको छ । आयुर्वेदका अनुसार, दिउँसो सुत्दा पाचन प्रणालीमा गडबडी हुन्छ र खाना समेत राम्रो सँग पच्दैन । जसका कारण कब्जियत, ग्यास, अपच लगायत समस्या देखा पर्छन ।

यति मात्र होइन दिउँसो सुत्दा ज्वरो आउने, गलासम्बन्धी समस्या देखिने, स्मरण शक्ति कमजोर हुने, अंग फुल्ने, आलस्य बढ्ने लगायत समस्या देखिने समेत आयुर्वेदमा उल्लेख छ ।

यसका साथ साथै धार्मिक मान्यताले पनि दिउँसो सुत्न निषेध गरेको छ । दिउँसो सुत्ने मानिसको घरमा लक्ष्मीको बास नहुने मान्यता रही आएको छ ।

तर केही वृद्धरवृद्धा, बालबच्चा, बिरामी मानिसका लागि भने आराम बढी चाहिने हुँदा दिउँसो सुत्नु आवश्यक छ । -- एजेन्सीबाट

## पुस्तक-सामार

# राजनीतिसँगै राजकाज-कल्याणकारी लोकतन्त्रको प्रस्ताव



✍ रविन्द्र मिश्र

## भावी बाटो

स्पष्ट छ, शिक्षा र स्वास्थ्य सेवालाई राज्यको दायित्व बनाउने आमूल परिवर्तनकारी कदमका लागि आर्थिक सोत चाहिन्छ । त्यसका लागि भ्रष्टाचार न्यून, स्वदेशी तथा विदेशी लगानीमैत्री, औद्योगिक तथा सेवामुखी, उत्पादनमुखी र निर्यातमुखी अर्थतन्त्र नभएसम्म हाम्रो राष्ट्रको ढुकुटीमा तात्त्विक अन्तर आउनेछैन । तर ढुकुटीमा पैसा छैन भनेर शिक्षामा बजेटको लगभग १० प्रतिशत र स्वास्थ्यमा बजेटको लगभग साढे चार प्रतिशत मात्र खर्च गर्ने हो भने देशको समृद्धिका दुई खम्बामा सधै धमिरा लागिरहनेछ । अहिलेसम्म जतिसुकै जान्ने अर्थमन्त्री आए पनि हामीले ठीक समयमा, ठीक ढङ्गबाट, ठीक रकम खर्च गर्न नसक्ने विकास बजेट छुट्याउँदै आएका छौं। अरु केही गर्नुपर्दैन, आगामी केही वर्षका लागि कहिल्यै खर्च नहुने छरपस्ट विकास बजेटलाई कार्यान्वयन गर्न सकिने थोरै आयोजनामा केन्द्रित गर्ने र बचेको रकमबाट शिक्षा र स्वास्थ्यमा संरचनागत परिवर्तन, संस्थागत सुधार र व्यवस्थापकीय तयारीसाथ राज्यको लगानी ह्वात्तै बढाउने काम गरे पुग्छ । त्यो गर्नैपर्छ । त्यसका लागि अन्तर्राष्ट्रिय विज्ञहरूको आवश्यकता पर्छ भने नहिचकिचाई प्रयोग गरे हुन्छ । अन्तर्राष्ट्रिय विज्ञको उपयोग सधै खराब हुँदैन । धराशायी भइसकेका नेपाल बैङ्क र राष्ट्रिय वाणिज्य बै□ले अन्तर्राष्ट्रिय विज्ञको सहायताले नै नवजीवन प्राप्त गरेका हुन् ।

शिक्षा र स्वास्थ्य राज्यको जिम्मेवारी हो भन्ने मान्यतालाई स्वीकार गर्ने हो भने, केदारभक्त माथेमा कार्यदलले तयार पारेको चिकित्सा क्षेत्र सुधारसम्बन्धी उच्चस्तरीय प्रतिवेदनबाट हामी अझ एक कदम अघि बढ्नुपर्ने हुन्छ। माथेमा कार्यदलले नेपाल सरकारले तोकेको कार्यक्षेत्रभित्र बसेर काम गर्नुपर्ने बाध्यता थियो । सो बाध्यताले गर्दा प्रतिवेदनले समस्याको गहिरो विश्लेषण गरे पनि त्यसका सिफारिसहरु शिक्षा र स्वास्थ्य राज्यकै दायित्व हुनुपर्छ भन्ने बिन्दुसम्म पुग्न सकिएन । प्रतिवेदनले चिकित्सा शिक्षाको व्यापारीकरणलाई अप्रत्यक्ष रूपले दुई अर्थमा स्वीकार गरेको छ । पहिलो, हाल सञ्चालनमा रहेका निजी चिकित्सा शिक्षा संस्थाहरूको निरन्तरतालाई अनुमति दिएको छ । र दोस्रो, काठमाडौं उपत्यकामा निजी चिकित्सा शिक्षा संस्था खोल्न १० वर्षका लागि मात्र रोक लगाएको छ । त्यसको अर्थ सरकारले नीतिगत सुधार गर्न र निजी चिकित्सा शिक्षा संस्था असान्दर्भिक हुने गरेर उत्कृष्ट सरकारी चिकित्सा शिक्षा केन्द्रहरु निर्माण गर्न सकेन भने १० वर्षपछि हामी पुनः हालकै बहसमा प्रवेश गर्नुपर्ने हुन्छ ।

श्रील□मा निजी चिकित्सा शिक्षा संस्था नचाहिने, क्यानडामा नचाहिने, विशिष्ट शिक्षाका लागि लामो इतिहास भएको बेलायतले सन् २०१५ मा मात्र पहिलो निजी चिकित्सा शिक्षा केन्द्रलाई अनुमति दिए हुने । उदार अर्थतन्त्र अवलम्बन गर्दागर्दै चिकित्सा शिक्षामा निजीकरण रोक्ने काम उनीहरूले नबुझेर गरेका होइनन् । अर्थतन्त्रलाई खुला बनाएर विश्वकै दोस्रो ठूलो अर्थतन्त्र बन्न सफल सवा अर्बभन्दा बढी जनसत्त्या भएको चीनले नबुझेरै चिकित्सा शिक्षामा निजीकरण बन्द गरेको होइन । ती सबैले समाजमा पर्ने त्यसको दूरगामी नकारात्मक प्रभावलाई ख्याल गरेका हुन् । यसको अर्थ विश्वका कैयौ विकसित देशमा चिकित्सा शिक्षामा निजीकरण छैन भन्ने होइन। तर हामीलाई के उपयुक्त छ भन्ने कुरा प्रधान हो । एसियामा निजी चिकित्सा शिक्षाबारे भरिएको एउटा प्राज्ञिक अध्ययनले खासगरी नेपाल, बङ्गलादेश, फिलिपिन्सलगायतका कैयौ देशमा चिकित्सा शिक्षाको निजीकरणबाट ठूलो बेथिति उत्पन्न भएको देखाएको थियो । हनेहरूले सबै पाउने, नहुनेहरूले केही पनि नपाउने नेपाल जस्तो देशमा चिकित्सा शिक्षालाई अनियन्त्रित ढङ्गबाट व्यापारीकरण गर्नु अपराध थियो । आफूलाई समाजवादी भन्ने नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टीले केवल निहित व्यक्तिगत र राजनीतिक स्वार्थका लागि देशमा यति ठूलो पाप थोपरिदिए ।

स्वास्थ्य शिक्षा र सेवालाई साँच्चिकै राज्यको दायित्वभित्र लैजाने अवसर अहिलेको दुईतिहाइ समर्थनप्राप्त समाजवादी सरकारले प्राप्त गरेको छ । त्यो अवसरको सदुपयोग गरेर सरकारले इतिहास निर्माण गरोस् । जसरी बेलायतमा क्लेमन्ट एटली र अनिरन बेभनले सबै प्रतिकूलतामाझ कहिल्यै नमेटिने इतिहास निर्माण गरे । र सिङ्गो बेलायतका जनतालाई नपाइसक्नुको गुन लगाए। प्रार्थना गरौ, मिर्गौला प्रत्यारोपण गरेका प्रधानमन्त्री केपी ओलीले नेपालका दूरदराजमा पनि भविष्यमा कहिल्यै, कसैले मिर्गौला प्रत्यारोपण या डायालसिस गर्न नसकेर या पैसाको अभावमा अन्य रोगको उपचार गर्न नपाएर आत्महत्या गर्नुपर्ने स्थितिलाई सदाका लागि अन्त्य गरिदिनेछन् । आर्थिक अभावका कारण कहिल्यै, कसैले ज्यान गुमाउन नपरोस्, हाम्रा नेताहरूलाई सद्बुद्धि मिलोस् । क्रमशः...

## सामान्यज्ञान

१ पृथ्वीको केन्द्रबाट सबैभन्दा टाढा रहेको क्षेत्र कुन हो ? - चिम्बोराजो

२ हावापानी सम्बन्धि अध्ययन गराउने बिज्ञानलाई के भनिन्छ ? - क्लाईमेटोलोजी

३ घोडा दौडमा प्रथम हुनेलाई दिने पुरस्कार लाई चलनचलि्तमा के भनिन्छ ? - ब्लु रिबन

४ राज्यकालको सुरूमा आफ्नो ज्वाईलाई राज्य सुम्पी गुरूको पछि लाग्ने राजा को हुन ??- शिवदेव प्रथम

५ आलुको खेती बिस्वमा सर्वप्रथम कुन देशबाट सुरू भएको हो ? - चीन

६ अन्तरीक्षमा बसाईने प्रस्तावित सहर ूओल्गा ू का डिजाइनर डेनियल बदिनी कुन देशका नागरिक हुन ?- ईटली






## खानपिन र जीवनशैली

# बिहानै खाली पेटमा चिया खानु कति फाइदाजनक ?



दमक/ प्रायः मानिसहरूको बिहान उठ्ने बित्तिकै खाली पेटमा चिया पिउने बानी हुन्छ । चिया नखाईकन आफ्नो दिन नै सुरू नहुने उनीहरूको भनाइ छ । तर यो बानीले स्वास्थ्यमा के असर गर्छ ? आजको लेखमा हामी यसैबारे कुराकानी गर्नेछौँ ।

खाली पेटमा चिया पिउनु धेरै मानिसहरूको लागि दैनिक बानी हो, तर यसले केही मानिसहरूमा एसिडिटी, पेट जलन र असुविधा जस्ता समस्याहरु निम्त्याउन सक्छ । खाली पेटमा चिया पिउनाले पेटमा भारीपन, ग्यास वा असुविधा हुन सक्छ ।

चियामा पाइने क्याफिन र अन्य तत्वहरूले पाचन प्रणालीलाई असर गर्न सक्छ । बिहान खाली पेटमा चिया पिउनाले केही मानिसहरूमा पेट जलन र एसिडिटी बढ्न सक्छ। पहिले नै ग्यास वा रिफ्लक्सबाट पीडित व्यक्तिहरूले विशेष गरी खाली पेटमा चिया पिउनबाट बच्नुपर्छ ।

चियामा क्याफिन हुन्छ, जसको मात्रा व्यक्ति र चियाको प्रकार अनुसार फरक हुन्छ । यद्यपि, खाली पेटमा धेरै क्याफिन सेवन गर्नाले केही मानिसहरूलाई नर्भस, बेचैन वा छिटो मुटुको धड्कन महसुस हुन सक्छ । त्यसैले, डाक्टरसँग परामर्श लिएर मात्र चिया पिउनुहोस् ।


यी लक्षणहरूलाई गर्नुहुन्न बेवास्ता

बिहान चिया पिएपछि बारम्बार पेट दुख्ने, छाती पोल्ने, वा वाकवाकी लाग्ने र बान्ता हुने अनुभव गर्नुहुन्छ भने, यी लक्षणहरूलाई बेवास्ता नगर्नुहोस । तुरून्तै डाक्टरसँग परामर्श गर्नु र उनीहरूको सल्लाहमा आधारित उपयुक्त जीवनशैली परिवर्तनहरु अपनाउनु उत्तम हुन्छ ।

बिहान उठ्ने बित्तिकै शरीरलाई पानी चाहिन्छ । त्यसैले, पानीको सट्टा चिया पिउनाले तपाईंको स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्न सक्छ । त्यसैले, प्रशस्त पानी पिएर आफ्नो दिनको सुरूवात गर्नु राम्रो हुन्छ ।

## मनोरञ्जन

# फिल्म "साम्राज्य"मा सौगात र दयाहाङ



दमक/ सौरभ चौधरीको निर्देशनमा बन्ने र बिग बजेट भनेर दाबी गरिएको फिल्ममा अहिलका चल्तीका दुई स्टार नायक अनुबन्ध भएका छन । नायक दयाहाङ राई र नायक सौगात मल्ल फिल्मको शीर्ष भूमिकामा रहेका अनुबन्ध भएको निर्माण पक्षले जानकारी दिएको छ ।

यी दुई नायकको एकै फिल्म 'लुट'बाट उदाएका हुन । तर, पछिल्लो समय उनीहरूको सहकार्य बक्स अफिसमा जम्न सकेको छैन ।

तथापि, दुई स्टार नायकको प्रवेशले 'साम्राज्य'प्रति दर्शकको चासो बढाएको छ । दर्शक सरप्राइज हुने गरी अरू कलाकार पनि अनुबन्ध गर्ने क्रम जारी रहेको निर्देशक चौधरीले बताए ।

उनले भने, 'यी दुई नामसँगै हामीसँग अझै सरप्राइजिङ नाम बाँकी नै छ । हामी यो पटक हाम्रो राम्रो र प्रतिक्षित फिल्म बनाउन कुनै पनि कसर बाँकी राख्ने छैनौँ । दर्शकलाई सकेसम्म राम्रो र स्तरीय सिनेमा दिनु हाम्रो उद्देश्य हो ।' सौरभ र सौगातको यो दोस्रो सहकार्य हो । दयाहाङ र सौरभ भने पहिलो सहकार्यको तयारीमा छन । डार्क हर्स इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण हुन लागेको यो फिल्म उपन्यासकार बुद्धिसागरले लेखेका हुन । भदौ पहिलो साताबाट यसको सुटिङ सुरू गर्ने र ७० दिन लगाएर खिच्ने योजनामा सौरभ रहेका छन ।




आज मिति
२०८३ साल
साउन ३० गते
शनिबार
15 Aug. 2026
तिथि: तृतिया



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | नयाँ कामको अवसर मिल्नेछ । आम्दानी बढ्ने, मन उत्साहित रहनेछ |
| वृष | इ उ ए ओ वा वि वु वे वो | रोकिएका काम अघि बढ्नेछन् । परिवारबाट राम्रो साथ मिल्नेछ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | यात्राको अवसर जुट्न सक्छ । नयाँ व्यक्तिसँग सम्बन्ध बढ्नेछ । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | मेहनतको राम्रो परिणाम मिल्नेछ । आर्थिक पक्ष बलियो बन्नेछ । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | काममा जिम्मेवारी थपिन सक्छ । निर्णय गर्दा संयम अपनाउनुहोस् । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | नयाँ योजना सफल बन्नेछ । व्यवसायमा लाभको सम्भावना छ । |
| तुला | | साथीबाट सहयोग प्राप्त हुनेछ । प्रेम सम्बन्धमा आत्मीयता बढ्नेछ । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | खर्च बढ्न सक्छ, सचेत रहनुहोस् । पुरानो कामले सफलता दिलाउनेछ । |
| धनु | य यो भा भी भ धा फा ढ भे | नयाँ अवसर हात पर्नेछ । यात्रामा विशेष लाभ मिल्नेछ । |
| मकर | | कार्यक्षेत्रमा प्रशंसा पाइनेछ । आर्थिक लाभको सम्भावना बलियो छ । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | नयाँ जिम्मेवारी प्राप्त हुनेछ । प्रतिभा देखाउने अवसर मिल्नेछ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | मनमा उत्साह र उमङ्ग बढ्नेछ । परिवारमा खुसीको वातावरण बन्नेछ । |

# झापाका किसानले मलको अभाव झेल्नु नपर्ने



**भद्रपुर/** झापाका किसानले मलको अभाव झेल्नु नपर्ने कृषि सामग्री कम्पनी लिमिटेडले जनाएको छ । जिल्लामा मलको आपूर्ति निरन्तर गरिरहेको छ । हालसम्म जिल्लामा ३२ हजार ९९१ बोरा युरिया र २६ हजार २६७ बोरा डिएपी किसानलाई वितरण गरिएको जनाएको छ ।

त्यस्तै, पोटास ३७.०५० मेट्रिक टन ( ७४१ बोरा) वितरण गरिएको कृषि सामग्री कम्पनी लिमिटेडको झापा कार्यालयका प्रमुख दीपककुमार राजवंशीले बताए । धान रोपाइँको मुख्य चरण लगभग सकिएकाले अब किसानले आवश्यकताअनुसार मल प्रयोग गर्ने समय सुरू भएको छ । मल मौज्दात रहेकाले किसानले चिन्ता गर्नुपर्ने अवस्था छैन । कार्यालयमा हाल युरिया १३० मेट्रिक टन

धान रोपाइँपछि धानको वृद्धि र उत्पादनका लागि विशेषगरी युरियालगायतका मल आवश्यक पर्ने भएकाले केन्द्रबाट दोस्रो चरणअन्तर्गत आवश्यक परिमाणमा मल आपूर्ति गर्ने प्रक्रिया सुरू भइसकेको प्रमुख राजवंशीले जानकारी दिए । गत वर्षको यही अवधिमा भएको मलको खपतलाई आधार मानेर यस वर्ष पनि आवश्यकताको मूल्यांकन गरी आपूर्ति व्यवस्थापन गरिनेछ ।

# वडास्तरबाटै राष्ट्रिय परिचय-पत्र

**भोजपुर /** नागरिकलाई सहज रूपमा सेवा प्रवाह गर्ने उद्देश्यले भोजपुरमा वडास्तरबाट राष्ट्रिय परिचयपत्र वितरण गर्ने तयारी गरिएको छ । जिल्ला प्रशासन कार्यालयमा प्राप्त भएका राष्ट्रिय परिचयपत्र जिल्लाका नौवटै स्थानीय तहका ८१ वडामार्फत वितरण गर्ने भएको हो । प्रमुख जिल्ला अधिकारी राजन पौडेलका अनुसार हालसम्म जिल्ला प्रशासन कार्यालयमा ६३ हजार ३०७ थान राष्ट्रिय परिचयपत्र प्राप्त भइसकेका छन् । नागरिकलाई जिल्ला सदरमुकामसम्म धाउनुपर्ने बाध्यता हटाउँदै सम्बन्धित वडाबाटै परिचयपत्र उपलब्ध गराउने व्यवस्था मिलाइएको उनले जानकारी दिए ।

प्रजिअ पौडेलका अनुसार राष्ट्रिय परिचयपत्र वितरण अभियान चार चरणमा सञ्चालन गरिनेछ । पहिलो चरणअन्तर्गत आगामी भदौ १० गतेदेखि अरूण, पौवादुङ्मा र टेम्केमैयुङ गाउँपालिकाका वडाबाट परिचयपत्र वितरण सुरू गरिनेछ ।

दोस्रो चरणमा भोजपुर नगरपालिका र रामप्रसादराई गाउँपालिका, तेस्रो चरणमा आमचोक र हतुवागढी गाउँपालिका तथा चौथो चरणमा षडानन्द नगरपालिका र साल्पासिलिछो गाउँपालिकाका वडाबाट परिचयपत्र वितरण गरिने जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी पौडेलका अनुसार राष्ट्रिय परिचयपत्र लिनका लागि बायोमेट्रिक विवरण अनिवार्य रूपमा प्रमाणीकरण गर्नुपर्ने भएकाले परिचयपत्र लिन सम्बन्धित व्यक्ति स्वयं उपस्थित हुनु पर्नेछ ।

उनले अशक्त तथा ८० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई भने अभियानअन्तर्गत अन्य नागरिकको परिचयपत्र वितरण सम्पन्न भएपछि घरमै पुगेर उपलब्ध गराउने व्यवस्था मिलाइने जानकारी दिए । वडास्तरबाट परिचयपत्र वितरण सुरू भएपछि जिल्लाका दुर्गम तथा ग्रामीण क्षेत्रका नागरिकलाई राष्ट्रिय परिचयपत्र प्राप्त गर्न थप सहज हुने कार्यालयले जनाएको छ । वडास्तरमै सेवा प्राप्त हुने भएपछि ग्रामीण क्षेत्रका नागरिकलाई सदरमुकामसम्म आउनुपर्ने समय र खर्च बचत हुनेछ ।

***मधेस...***कर्मचारीको हकमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४४ (८) बमोजिम यो निर्णय प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ ।

कर्मचारीको मनोबल उच्च बनाउँदै सेवा प्रवाहलाई नतिजामुखी र पारदर्शी बनाउन सुरु तलब स्केलको अधिकतम १० प्रतिशतसम्म 'कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०८३' स्वीकृत गरिएको छ। कुल १०० अंक भारमध्ये न्यूनतम ७५ अंक प्राप्त गर्ने कर्मचारीले मात्र यो भत्ता पाउनेछन् । यसका लागि विद्युतीय हाजिरी अनिवार्य गरिएको छ भने मूल्यांकन, रुजु र सिफारिसका लागि प्रत्येक कार्यालयमा तीन सदस्यीय 'परीक्षण इकाई' गठन गरिनेछ ।

यसैगरी सरकारी खर्चमा मितव्ययिता, वित्तीय अनुशासन र पारदर्शिता कायम गर्न अर्थ मन्त्रालयबाट पेस भएको 'मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८३' स्वीकृत गरिएको छ । यस निर्देशिकाको कार्यान्वयन सँगै सरकारी कोषको समुचित प्रयोग हुने र फजुल खर्च नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

यस्तै प्रदेश सरकार र अन्य सार्वजनिक निकायमा प्रयोग भइरहेका सरकारी सवारी साधनको व्यवस्थापन, खरिद, सञ्चालन, मर्मत सुधार तथा रेखदेखका विषयमा मापदण्ड तर्जुमा गर्न विभिन्न मन्त्रालयको प्रतिनिधित्व हुने गरी श्रम तथा यातायात व्यवस्था मन्त्रालयको सचिवको संयोजकत्वमा समिति गठन गर्ने निर्णय भएको छ । समितिले १५ दिनभित्र कार्यविधि तर्जुमा गरी निर्णयका लागि पेस गर्नुपर्नेछ ।

***सामाजिक.....***र २०८०/८१ मा १९ हजार ७३० वटा साइबर अपराधसम्बन्धी निवेदन दर्ता भएका थिए । पछिल्लो तथ्यांकले उजुरीको संख्या निरन्तर उच्च रहेको देखाउँछ ।

प्रविधिको दुरुपयोगबाट हुने अपराध नियन्त्रण र अनुसन्धानका लागि नेपाल सरकारले २०७५ जेठ २७ गते साइबर ब्यूरो स्थापना गरेको हो । ब्यूरोले अनुसन्धानसँगै प्रहरीको प्राविधिक क्षमता अभिवृद्धि र नागरिकमा साइबर सुरक्षा सचेतना फैलाउने कामसमेत गर्दै आएको जनाएको छ । साइबर अपराधमा संलग्नलाई प्रचलित कानुनअनुसार विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गत कारबाही हुने गरेको साइबर ब्यूरोका प्रवक्ता प्रहरी उपरीक्षक दिलीपकुमार गिरीले बताए ।

***गर्मीसँगै......***

सिरहाको चोहर्वास्थित नेपाली सेनाको सर्पदंश उपचार केन्द्र र वीरगञ्जस्थित नारायणी अस्पतालमा औषधिको अभाव देखिएपछि तत्काल क्रमश: ३० र १०० भायल एन्टी स्नेक भेनम पठाइएको उनले बताए । अन्य उपचार केन्द्रमा पनि मागअनुसार औषधि पठाउन थालिएको छ ।

डा. यादवका अनुसार प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रमा हाल ९०० भायल एन्टी स्नेक भेनम मौज्दात छ भने थप औषधि आउने क्रममा छ । कुनै पनि उपचार केन्द्रमा औषधि अभाव हुन नदिने गरी व्यवस्थापन गरिएको उनले बताए ।

अत्यधिक गर्मीका कारण पछिल्ला दिनमा रौतहट, बारा र पर्सालगायत जिल्लामा सर्पदंशका घटना बढेको स्वास्थ्यकर्मीले बताएका छन् । वीरगञ्जस्थित नारायणी अस्पतालका प्रवक्ता डा. उदयनारायण सिंहका अनुसार अस्पतालमा दैनिक १० देखि १५ जनासम्म सर्पदंशका बिरामी उपचारका लागि आउने गरेका छन् ।

ग्रामीण क्षेत्रमा खेतबारी तथा घरआसपास सर्पको गतिविधि बढ्दा जोखिम थपिएको उनले बताए । उनका अनुसार केही दिनअघि अस्पतालमा एन्टी स्नेक भेनमको अभाव देखिए पनि अहिले १०० भायल औषधि मौज्दात छ ।

स्वास्थ्यकर्मीले सर्पदंशबाट जोगिन राति सुत्दा झुल प्रयोग गर्न, घरआसपासका झाडी तथा फोहोर सफा राख्न र खेतबारीमा काम गर्दा बुट तथा सुरक्षात्मक सामग्री प्रयोग गर्न आग्रह गरेका छन् । सर्पले टोकेमा झारफुक वा घरेलु उपचारमा समय नबिताई तत्काल नजिकको स्वास्थ्य संस्थामा पुऱ्याउन उनीहरूको सुझाव छ ।

***रिजालको....***साथै, सिलिण्डरमा तोकिएको मापदण्ड विपरीत म्याद गुज्रिएका दुई वटा ग्यास सिलिण्डरमा समेत सिल लगाई बिक्री गर्न तयारी अवस्थामा राखेको पाइएको थियो ।

अत्यावश्यक सेवा अन्तर्गत रहेको उक्त ग्यास उद्योगले कानुन विपरीत सुरक्षा संवेदनशीलतामा खेलबाड गरेको ठहर गर्दै उद्योगलाई तत्काल २ लाख ९५ हजार रूपैयाँ जरिबाना गर्नुका साथै दुई वटा सिलिण्डरको सिल तोडी नष्ट गरिएको जिल्ला प्रशासन कार्यालय, मोरङले जनाएको छ ।

यसैबिच टोलीले विराटनगर महानगरपालिका वडा नं. ३ स्थित कन्चनश्वर ग्यास पसलमा अनुगमन गरेको थियो । सो क्रममा अनुगमन कार्यमा असहयोग गरेको भन्दै उक्त पसललाई १५ हजार रूपैयाँ जरिबाना गरिएको छ । यसअघि कोशी ग्यास उद्योगलाई पनि जिल्ला प्रशासन कार्यालय मोरङले कम तौलका सिलिन्डर विक्री गर्ने गरेको भन्दै २ लाख ९० हजार रूपैयाँ जरिमाना गरेको थियो ।

# सुरुङ दुर्घटना हुँदा सातको मृत्यु, १३ जना घाइते

**नयाँदिल्ली /** भारतको हिमाली राज्य उत्तराखण्डमा निर्माणाधीन सुरूङमा पानी र भग्नावशेषसहित पहिरो खस्दा कम्तीमा सात जना कामदारको मृत्यु भएको छ भने १३ जना घाइते भएका छन् । बिहीबार राति भएको दुर्घटनापछि तीन जना अझै बेपत्ता रहेको अधिकारीहरूले बताएका छन् । राज्यद्वारा सञ्चालित जलविद्युत् परियोजनाका लागि सुरूङ निर्माण भइरहेको स्थानमा दुर्घटना भएको हो । राज्य विपद् व्यवस्थापन प्राधिकरणका अनुसार टिहरी जलविद्युत् निगमको निर्माणस्थलबाट १९ जना कामदारलाई उद्धार गरिएको छ । घाइते १३ जनाको उपचार भइरहेको जनाइएको छ ।

बेपत्ता कामदारको खोजी जारी रहेको छ । उत्तराखण्डमा पछिल्ला दिनमा परेको भारी मनसुनी वर्षाका कारण बाढी, पहिरो तथा अन्य प्राकृतिक विपद्का घटना बढेका छन् । हिमाली भूभागमा लगातारको वर्षाले सडक, बस्ती र निर्माणस्थलमा जोखिम थपिएको अधिकारीहरूले बताएका छन् ।

गत महिना दुर्गम उत्तरपूर्वी राज्य सिक्किममा राज्यद्वारा सञ्चालित अर्को जलविद्युत् परियोजनाको सुरूङ निर्माणका क्रममा २० जना कामदारको मृत्यु भएको थियो । त्यसअघि सन् २०२३ मा उत्तराखण्डकै निर्माणाधीन सुरूङमा पहिरो खस्दा ४१ जना कामदार १७ दिनसम्म सुरूङभित्र फसेका थिए ।

# इन्डोनेसियाले ७५० सरकारी कम्पनी बन्द गर्ने

**एजेन्सी/** इन्डोनेसियाले घाटामा रहेका र उत्पादकत्व न्यून भएका ७५० भन्दा बढी सरकारी स्वामित्वका उद्यम बन्द गर्ने भएको छ । राष्ट्रपति प्राबोवो सुबिआन्तोले शुक्रबार यस वर्षको अन्त्यसम्ममा पुनर्गठन पूरा गर्ने घोषणा गर्दै जनताका लागि मूल्य सिर्जना गर्ने र उत्पादनशील उद्यम मात्र सञ्चालनमा राखिने बताएका छन् ।

राष्ट्रपति सुबिआन्तोले संसद्मा सम्बोधन गर्दै सरकारी स्वामित्वका धेरै उद्यमले नाफा देखाउने गरे पनि वास्तविक रूपमा घाटामा रहेको बताए । गत वर्ष सरकारी सम्पत्ति व्यवस्थापनका लागि 'दानान्तारा' सार्वभौम सम्पत्ति कोष स्थापना गरेपछि सरकारले देशमा सरकारी स्वामित्वका एक हजार ७४ उद्यम रहेको पत्ता लगाएको उनले जानकारी दिए । सरकारले हालसम्म २९० वटा उद्यम बन्द गरिसकेको र आगामी डिसेम्बर ३१ सम्म बाँकी उद्यमको सत्त्या ३०० भन्दा बढी नरहने राष्ट्रपति सुबिआन्तोले बताए । उनका अनुसार ७५० भन्दा बढी उद्यम बन्द गरेर उत्पादनशील तथा जनताका लागि थप मूल्य सिर्जना गर्ने संस्थालाई मात्र सञ्चालनमा राखिने छ ।

***अधिक गर्मीले....***दैनिक औसत १५ सय रूपैयाँजति नाफा हुने गरेको छ । निश्चित स्थान नहुँदा दिनहुँ ठाउँ खोज्दै हिंड्नुपर्ने भए पनि घरघरमा जुस पुऱ्याउँदा ग्राहक बढ्ने गरेको उनको अनुभव छ । 'गर्मीमा मानिसहरु बाहिर निस्कँदैनन् । ढोकामै पुऱ्याइदिंदा दुई-चार गिलास जुस पिउँछन्,' यादव भन्छन् । उनका अनुसार जुसमा बरफको प्रयोग बढेपछि व्यापार पनि बढेको छ । बरफ राखिएन भने धेरैले खानै मान्दैनन् । अहिले बरफले नै व्यापार धानेको छ, उनी भन्छन् ।

गर्मीबाट बच्न प्रयोग हुने पंखा, कुलर, एसी, फ्रिज तथा विद्युतीय उपकरणको बिक्री र मर्मत गर्न आउनेको संख्या बढेको दमकका विद्युतीय उपकरण ब्यवसायी दिपक खनालले बताए । छाता, टोपी, सनग्लास, हल्का कपडा र गर्मीमा लगाउने जुत्ताचप्पलको व्यापार गर्मी मौसममा बढ्दै गएको दमक चोकस्थित कपडा ब्यवसायी बताउँछन् ।

स्विमिङ, पानी मनोरञ्जन, पर्यटन तथा होटल व्यवसायले पनि गर्मीयाममा ग्राहक आकर्षित गरेर गर्मी छल्दै व्यापार बढाउँदै गरेको होटल ब्यवसायी योगराज दंगालले बताए ।

दमकको एसियन हाइवेको धुलो, चर्को घाम र तातो सडकको छेउमा बसेर मकै पोलेर बेच्दै आएकी रूवानालाई अहिलेको गर्मीले आम्दानीभन्दा चिन्ता बढी दिएको छ । जाडोयाममा दैनिक करिब सय घोगासम्म मकै बिक्री हुने गरेकोमा गर्मीमा बिक्री १५-२० घोगामा सीमित भएको उनी बताउँछिन् । "जाडोको जस्तो मकै बिक्दैन । यहाँ बसेर खाने मानिस पनि कम हुन्छन् । जति आउँछन्, पोको पारेर घरमै लैजान्छन्," उनी भन्छिन् । गर्मीको प्रवाह नगरी बालबच्चा पाल्नकै लागि काम गर्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ ।

दमकमा भक्का बेच्दै आएकी अस्तुला चौधरीको अनुभव पनि उस्तै छ । जाडोमा लोकप्रिय हुने भक्का गर्मीमा पनि नबिक्ने होइन, तर बिक्री झन्डै आधा घटेको उनी बताउँछिन् । जाडोमा दैनिक झन्डै हजार रूपैयाँ कमाई हुन्थ्यो । अहिले पाँच सय पुऱ्याउन पनि निकै धौधौ पर्छ, उनी भन्छिन् । चार जना बालबच्चाको हेरचाह गर्नुपर्ने भएकाले घटेको आम्दानीले घर चलाउन मुस्किल परेको उनको भनाइ छ । गर्मीको सबैभन्दा कठिन प्रभाव खुला क्षेत्रमा श्रम बेचेर जीविका चलाउने मजदुरमा परेको छ । दमकमा दिउँसो १२ बजेको चर्को घाममा बालुवा चालिरहेका एक निर्माण मजदुर रामप्रित महतो गर्मीको प्रवाह नगरी काम गर्नुपर्ने बाध्यता रहेको बताउँछन् । के गर्नु, मजदुरी छ । पेट पाल्न न गर्मी भन्न पाइन्छ, नत जाडो नै, उनी भन्छन् ।

अत्यधिक गर्मीमा लामो समय काम गर्ने व्यक्तिमा शरीरमा पानीको कमी, कमजोरी, टाउको दुख्ने, चक्कर लाग्ने र तापजन्य स्वास्थ्य समस्या देखिन थालेको छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## खेलकुद

# १० औं राष्ट्रिय खेलकुदको पाँचौ पटक मिति घोषणा

**दमक/** संघीय सरकारले खेलकुदको महाकुम्भ मानिने १०औं राष्ट्रिय खेलकुदको मिति तय गरेको छ । शिक्षा तथा खेलकुदमन्त्रीसमेत रहेका राष्ट्रिय खेलकुद परिषद् (राखेप) का अध्यक्ष सस्मित पोखरेलको अध्यक्षतामा बसेको १२५औं बोर्ड बैठकले प्रतियोगिताको मिति तय गरेको हो ।

पाँचपटक तय भएको मितिअनुसार कर्णाली प्रदेशको राजधानी सुर्खेतमा आगामी १६ देखि २९ मंसिरसम्म प्रतियोगिता आयोजना हुनेछ । दुई वर्षअघि पोखरामा सम्पन्न नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता समापन समारोहमा १०औं सञ्चालन गर्ने जिम्मेवारी कर्णालीले पाएको थियो। तर, प्रतियोगिताका लागि आवश्यक पर्ने पूर्वाधार तयारी अवस्थामा रहे पनि सरकारी उदासीनताका कारण खेलको मिति चारपटक सरेको थियो । कर्णाली प्रदेश खेलकुद परिषद्का सदस्यसचिव रवीन्द्र चन्दले प्रतियोगिताको मिति प्रस्ताव गरेका थिए ।

# लखनपुर स्वास्थ्य चौकीको नवनिर्मित भवन उद्घाटन

**कमल/** झापाको कमल गाउँपालिका ६ सोनापुर स्थित लखनपुर स्वास्थ्य चौकीको नवनिर्मित भवनको शुक्रवार उद्घाटन गरिएको छ । वडाअध्यक्ष नगेन्द्र भट्टराईको अध्यक्षता र गाउँपालिका अध्यक्ष हुकुमसिंह राईको प्रमुख आतिथ्यता र गाउँपालिकाकी उपाध्यक्ष प्रमिला न्यौपाने तिवारी , प्रमुख प्रशासकीय अधिकृत केशव कुमार ढकाल, स्वास्थ्य शाखा प्रमुख दिपक दाहालको विशेष आतिथ्यतामा भवनको उद्घाटन गरिएको थियो ।

कार्यक्रममा जनप्रतिनिधि, सामुदायिक स्वयंसेबिकाहरु, राजनीति दलका प्रतिनिधिहरु, स्वस्थ्यकर्मीहरु र सरोकारवालाहरुको उपस्थिति रहेको थियो । सोही अवसरमा भवन निर्माणको लागि जग्गा उपलब्ध गराउने जग्गादाताहरुलाई समेत अभिनन्दन गरिएको थियो । स्थानीय दाताहरूले नि:शुल्क उपलब्ध गराएको ७ कट्ठा जमिनमा २ करोड भन्दा बढी रूपैयाँको लगानीमा स्वास्थ्य चौकी भवनको निर्माण गरिएको हो ।

# कैदी पाल्न मात्रै वार्षिक ३ अर्ब ५१ करोड खर्च

**दमक/** सरकारले कैदीबन्दीको पालनपोषणमा मात्रै वार्षिक ३ अर्ब ५१ करोड ३९ लाख १५ हजार रुपैयाँ खर्च गर्ने गरेको छ । हाल नेपालका कारागारमा २६ हजार २९ जना कैदीबन्दी रहेका छन्। एकजना कैदीबन्दीको पालनपोषणमा वार्षिक १ लाख ३५ हजार रुपैयाँ खर्च हुने गरेको छ ।

नेपालमा १८ वर्षदेखि ५९ वर्ष उमेर समूहका कैदीबन्दी रहेका छन् । १८ देखि ५९ वर्षको ठूलो जनशक्ति उत्पादनशील उमेरमा रहे पनि कारागारमा उनीहरूको क्षमता र श्रमको उपयोग गर्नु आवश्यक छ । २६ हजारभन्दा बढी उत्पादनशील उमेरका नागरिक कारागारमा रहनु राज्यका लागि राम्रो संकेत होइन । त्यसैले कैदीबन्दीको सीप, श्रम र क्षमतालाई उत्पादनशील कार्यमा जोड्न आवश्यक देखिन्छ ।

शुक्रवार कानून, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले कैदीबन्दीबारे उक्त जानकारी दिएकी थिइन् । मन्त्री गौतमले कारागारलाई दण्ड दिने थलोको रूपमा नभई सुधारगृहको रूपमा विकास गर्नुपर्नेमा जोड दिइन् । मन्त्री गौतमले कारागारको विद्यमान अवस्था र कानुनी सुधारको आवश्यकता औंल्याइन् ।

कारागार ऐन, २०७९ आए पनि त्यो समयसापेक्ष हुन नसकेको स्विकार्दै मन्त्री गौतमले यसलाई परिमार्जन गर्ने तयारी भइरहेको बताइन् । उनले प्रतिशोधपूर्ण न्यायभन्दा पनि सुधारमूलक र पुन:स्थापनामुखी न्याय प्रणालीमा जोड दिनुपर्ने धारणा राखिन् ।

मन्त्री गौतमले भनिन्, 'कारागारमा २६ हजार २९ जना कैदीबन्दी रहेका छन् । एकजना कैदीबन्दीका लागि प्रतिवर्ष

# कुकुरमा रेबिज संक्रमणको जोखिम

**फिदिम/**पाँचथरका गाउँघरमा बाँदरले बाली नष्ट गर्न थालेपछि खेतबारी जोगाउन कुकुर पाल्ने चलन बढेको छ । बाली र घरको सुरक्षाका लागि पालिएका कुकुर रेबिज संक्रमणको जोखिममा पर्न थालेपछि गाउँघरमा नयाँ चुनौती थपिएको छ ।

बाँदर धपाउन तथा बाली जोगाउन विशेषगरी वनजङ्गल छेउका गाउँमा कुकुर पाल्ने चलन बढेको हो । कतिपयले सौखले नभई बाध्यताले दुई-तीनवटासम्म कुकुर पाल्ने गरेका छन् । बाली जोगाउने क्रममा कुकुरलाई छाडा छाड्नुपर्ने अवस्था हुने भएकाले अन्य कुकुर तथा रेबिज संक्रमित जङ्गली जनावरको सम्पर्कमा पुग्ने जोखिमसमेत बढेको छ ।

रेबिजको प्रकोप बढेपछि फिदिम नगरपालिकाले भने कुकुरलाई धमाधम भ्याक्सिन दिने अभियान सञ्चालन गरिरहेको छ । संक्रमित भएर लक्षण देखिन थालेपछि उपचार सम्भव नहुने भयानक रोग रेबिज रोकथामका लागि नगरपालिकाले विभिन्न स्थानमा शिविर सञ्चालन गरी कुकुरलाई भ्याक्सिन दिन थालेको हो । नगरपालिकाले फिदिम नगरपालिका-१ को बजार क्षेत्र, वडा २ को हेलिप्याड र वडा ४ को गढीमा शिविर सञ्चालन गरिसकेको छ । भ्याक्सिन अभियानमा पशुप्राविधिक र नगरप्रहरी संलग्न छन् । हालसम्म करिब डेढ सय कुकुरलाई भ्याक्सिन लगाइसकिएको नगरपालिकाको पशुपन्छी तथा मत्स्य विकास शाखाका पशु सेवा प्राविधिक नारायणकुमार थापाले बताए ।

अहिले पाँचथरको फिदिम नगरपालिका सहित हिलिहाङ र फाल्गुनन्द गाउँपालिकामा समेत रेबिज संक्रमण फैलिएको छ । रेबिजका कारण धेरै गाई, भैंसी र कुकुर मरेका छन् । रेबिज संक्रमित कुकुरले केही व्यक्तिलाई समेत टोकेको अवस्था छ । रेबिज संक्रमणको जोखिम सबैलाई रहे पनि संक्रमित कुकुरबाट जोगिन कठिन हुने भएकाले वृद्धवृद्धा तथा बालबालिका अझ बढी जोखिममा पर्ने गरेका छन् ।

**विषाक्त च्याउ नखाऔं: सुरक्षित बनौं**

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

*बिषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छ: सावधानी अपनाऔं*

नेपाल सरकार
विज्ञापन बोर्ड

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२,
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com